# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

बेलबारी, मोरङ
BELBARI, MORANG
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213

प.स.:२०८३/०८४
च.नं.:

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना**

**मिति : २०८३/०६/२३**

मोरङ जिल्ला बेलबारी नगरपालिका,सुन्दरहरैँचा नगरपालिका, केराबारी गाउँपालिका र ग्रामथान गाउँपालिकाको संयुक्त सीमा भएर बग्ने लोहन्द्रा खोलाको बेलबारी नगरपालिका क्षेत्र भित्र पर्ने एकल तर्फको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिक्स गिट्टी र भरौट लगायतका पदार्थहरू प्रचलित कानुन बमोजिम उत्खनन, सङ्कलन तथा बिक्री वितरण गर्नका लागी वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम (२) बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा देहायमा उल्लिखित प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरूमा पर्न सक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक एवं यिनका अवयव र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावको बारेमा सम्बन्धित वडा, प्रभावित क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामाजिक सङ्घसंस्था र सरोकारवालाबाट राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा आयोजना गरीने सार्वजनिक सुनुवाई कार्यक्रममा सम्पूर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान | प्रस्ताव कार्यान्वयन हुने क्षेत्र |
|---|---|---|---|
| २०७९/०६/२६ गते, सोमबार | बिहान ८ :०० बजे | वडा कार्यालय, वडा नं. १ , बेलबारी नगरपालिका | बेलबारी नगरपालिका वडा नं. १, वडा नं. २, वडा नं. ३, वडा नं. ४ र वडा नं. ५ |
| | बिहान ११:०० बजे | वडा कार्यालय, वडा नं. २ , बेलबारी नगरपालिका | |
| | दिउँसो ४:०० बजे | वडा कार्यालय, वडा नं. ३ , बेलबारी नगरपालिका | |
| २०७९/०४/२७ गते, मंगलबार | बिहान ८:०० बजे | वडा कार्यालय, वडा नं. ४ , बेलबारी नगरपालिका | |
| | बिहान ११:०० बजे | वडा कार्यालय, वडा नं. ५ , बेलबारी नगरपालिका | |

राम शंकर शाह
इन्जिनियर